# मेलौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मेलौली,बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८०/८१ मितिः २०८१/०१/०७

कार्यक्रम प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना।

मेलौली नगरपालिकाद्वारा आ.व. २०८०/८१ का लागि स्वीकृत वार्षिक विकास कार्यक्रम तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र,सानोठिमी भक्तपुरद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं.२.७.१३.१३ मा उल्लिखित विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकको तपसिलमा उल्लिखित शैक्षिक पूर्वाधार विकास कार्यक्रममा सहभागी हुन चाहने यस पालिका अन्तर्गतका कक्षा १-१२,१-१० र १-८ सञ्चालित सामुदायिक विद्यालयहरुलाई यस कार्यालयले तयार गरेको प्रस्ताव तयार गर्ने ढाँचा बमोजिम विद्यालयको आवश्यकता र प्राथमिकताका आधारमा प्रस्ताव तयार गरी मिति २०८१/०१/१३ गते भित्र यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

मोहन सिंह भाट
निमित्त प्रमुख प्रशासकीय अधिकृत

तपसिल:

| क.सं. | कार्यक्रमको नाम/संख्या | छनोट तथा प्राथमिकताका आधारहरु | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ,किताब खरिद तथा इ-पुस्तकालयसमेत) (जम्मा ३ ओटा,प्रति कार्यक्रमका लागि प्राप्त हुने रकम रु.६,५०,०००/-) | • पुस्तकालय नभएका माध्यमिक विद्यालय<br>• गत विगत आ.व.मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालय,विद्यार्थी संख्या उच्च रहेका माध्यमिक विद्यालय<br>• उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठताक्रममा आधारभूत तह कक्षा १-८ संचालित विद्यालय | कार्यक्रम अत्यावश्यक रहेको, कार्यक्रम स्थापनाका लागि कक्षाकोठा उपलब्ध रहेको र यसै आ.व.( २०८१ असार १०) भित्र कार्यक्रम सम्पन्न गर्न सक्ने प्रतिवद्धता खुल्ने वि.व्य.स.को निर्णय,संलग्न ढाँचाबमोजिम तयार गरिएको प्रस्ताव र निवेदन। |
| २ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान(जम्मा २ ओटा, प्रति कार्यक्रमका लागि प्राप्त हुने रकम रु.६,५०,०००/-) | • विगतका वर्षमा यस प्रकृतिको अनुदान नपाएका उच्च विद्यार्थी संख्या भएका,अनुमतिले जेष्ठताक्रममा रहेका माध्यमिक विद्यालय<br>• विगतका वर्षमा यस प्रकृतिको अनुदान नपाएका विज्ञान विषय पढाई भएका विद्यालय,प्राविधिक धार संचालित विद्यालय र नमुना विद्यालय<br>• उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठताक्रममा आधारभूत तह कक्षा १-८ संचालित विद्यालय | |

ईमेल:ito.melaulimun@gmail.com website : www.melaulimun.gov.np फोन नं. ०९६६९०९३६

"कृषि,पर्यटन र पूर्वाधार,
मेलौली विकासको मूल आधार"

मेलौली नगरपालिकाद्वारा मिति २०८१/०१/०७ गते प्रकाशित "आ.व. २०८०/८१ मा नगरपालिकामा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धमा" विषयक सूचना तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र,सानोठिमी भक्तपुरद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं.२.७.१३.१३ मा उल्लेखित विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकको शैक्षिक पूर्वाधारहरु **१) विद्यालयमा पुस्तकालय तथा ICT व्यवस्थापन (फिक्सिङ,किताब खरिद तथा इ-पुस्तकालयसमेत) २) विद्यालयमा विज्ञान प्रयोगशाला अनुदानका लागि**

## प्रस्ताव तयार गर्ने ढाँचा

विद्यालयको नामःIEMIS CODE

स्थापना मितिः

विद्यालयको ठेगानाः

संचालित कक्षाः

विद्यार्थी संख्याः

प्रस्तावित पहिलो प्राथमिकतायुक्त कार्यक्रमको नामः

प्रस्तावित दोस्रो प्राथमिकतायुक्त कार्यक्रमको नाम (हालसम्म प्राप्त नगरेको भए मात्र उल्लेख गर्ने):

हालसम्म प्राप्त शैक्षिक पूर्वाधारहरुः १) २) ३)

४)

कार्यान्वयनको अवस्थाः

प्रस्तावित कार्यक्रमका अपेक्षित उपलब्धीहरुः

प्रस्तावित कार्यक्रम विद्यालयमा अत्यावश्यक भएको,विद्यालयमा कार्यक्रम स्थापनाका लागि कक्षाकोठाको उपलब्धता भएको,विद्यालयमा **ICT** व्यवस्थापन तथा इ-पुस्तकाल र विज्ञान प्रयोगशाला प्रयोगका लागि इन्टरनेटको पहुँच र विधुतको नियमित आपूर्ति भएको,शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता रहेकोले कार्यक्रम निर्धारित बजेटको परीधिमा रही २०८१ असार १० गते भित्रै सम्पन्न गर्ने प्रतिबद्धता गर्दै यस कार्यक्रमको कार्यान्वयनबाट यस पूर्व कुनै पनि स्रोतबाट कार्यान्वित कार्यक्रमसंग दोहोरोपन नपरेको भन्ने व्यहोरा प्रमाणित गर्दछु।

विद्यालयको छापः

प्रधानाध्यापकको नामः

हस्ताक्षरः

मितिः

वि.व्य.स.अध्यक्षको नामः

हस्ताक्षरः

वडा कार्यालयको सिफारिसः (प्रस्तावित कार्यक्रममा दोहोरोपन नभएको यकिन सहित कार्यक्रमको अत्यावश्यकता प्रमाणित गरिन्छ।) वडा नं.

हस्ताक्षरः

अध्यक्षको नामः

मितिः

नगर कार्यपालिकाको कार्यालय मेलौली, बैतडी सुदूरपश्चिम प्रदेश,नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत